**मिडिया काउन्सिल सम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकमा नेपाल पत्रकार महासंघको सुझाव**

| क्र.स. | साविकको व्यहोरा | संशोधनको व्यहोरा | संशोधनको कारण |
|---|---|---|---|
| १. | दफा १ को उपदफा (१) यस ऐनको नाम मिडिया काउन्सिल ऐन २०८० रहेको छ । भन्ने मूल विधेयकको व्यवस्थामा राष्ट्रिय सभाबाट पारित हुँदा नाम परिवर्तन भई "**आमसञ्चार परिषद**" राखिएको छ । | मिडिया काउन्सिल विधेयक, २०८१ को विधेकको प्रस्तावना तथा ठाँउठाँउमा रहेकोमा राष्ट्रिय सभावाट पारित हुँदा "**आमसञ्चार परिषद**" भनी रहेकोमा साविकको नाम मिडिया काउन्सिल मा नेपाल थप गरि **मिडिया काउन्सिल नेपाल** कायम गर्ने । र यस विधेयकमा राष्टिय सभाबाट परिषद् भन्ने शब्द पारित भएकोमा उल्लेखित सबै ठाउँमा मूल विधेयकको **काउन्सिल** शब्द यथावत राख्ने | प्रेस काउन्सिल अहिले पनि रहेको संरचनाले मिडिया अनुगमनको काम गरिरहेका छ भने मिडिया काउन्सिल मिडिया अनुगमन गर्ने निकायको रुपमा बुझिने हुँदा नाममा सहजता कायम गर्नु पर्ने भएकोले । |
| २. | प्रस्तावना : पत्रकारिता क्षेत्रमा पेशागत तथा व्यवसायीक आचरण कायम राख्न तथा स्वनियमनलाई प्रवर्द्धन गर्न स्वच्छ, स्वतन्त्र र जवाफदेही पत्रकारिताको विकास तथा संरक्षणका लागि स्वायत्त नियामक निकायको रुपमा मिडिया काउन्सिलको स्थापना र सञ्चालन सम्बन्धमा व्यवस्था गर्न प्रचलित कानुनलाई संशोधन र एकिकरण गर्न वाञ्छनिय भएकाले, | प्रस्तावनाको शुरुमा **नेपालको संविधानको प्रस्तावनामा उल्लेख भएको पूर्ण प्रेस स्वतन्त्रताप्रति पूर्ण प्रतिवद्ध रहि** भन्ने शब्द थप गर्ने । यसपछि **स्वच्छ स्वतन्त्र र जवाफदेही** भन्ने शब्दको सट्टामा **सत्य, तथ्यप, सन्तुलित र विश्वसनीय** भन्ने शब्द राख्ने । र, विभिन्न उपदफा र खण्डहरुमा समेत **सोही शब्दहरु** शब्द राख्ने<br><br>संरक्षणको लागि **स्वायत्त** भन्ने शब्द पछि र **स्वच्छ, स्वतन्त्र** शब्द थप गर्ने । | १. पत्रकारिताको आधारभूत सिद्धान्तको अनुकूल बनाउन ।<br><br>२. नियामक निकाय स्वच्छ र स्वतन्त्र हुनुपर्ने भएकाले |

| | | | |
|---|---|---|---|
| ३. | दफा २(ख) मा "**अनलाईन पत्रकारिता"** भन्नाले इन्टरनेटको माध्यमबाट कुनै वेवसाइट मार्फत सार्जजनकि तथा व्यवसायिक रुपमा प्रवाह गरिने समाचार, समाचार विश्लेषण, लेख, अन्तरवार्ता जस्ता सामाग्री संकलन, सम्पादन, प्रकाशन वा सम्प्रेषण गर्ने कार्य सम्झनु पर्छ । | दफा २ को खण्ड (ख) मा "**इन्टरनेटको"** भन्ने शब्द पछि **"तथा डिजिटल"** भन्ने शब्द थप गर्ने । | इन्टरनेट भन्ने शब्दले अनलाईनको सम्पुर्ण विषय नसमेटेको हुँदा अनलाईन पत्रकारिताको क्षेत्रलाई व्यापक बनाउनु पर्ने भएकोले । |
| ४. | दफा २ खण्ड (घ) आमसञ्चार भन्नाले सूचना तथा सन्देशको सम्प्रेषण गर्ने उदेश्यले स्थापना भएका आम सञ्चारका माद्यमबाट त्यस्तो सूचना वा सन्देश उत्पादन, प्रकाशन तथा प्रसारण गर्ने कार्यकालाई सम्झनुपर्दछ र, सो शव्दले अनलाइन पत्रकारिता तथा छापा पत्रकारितालाई समेत जनाउँछ । | दफा २ को खण्ड (घ) मा ...सूचना पछि **समाचार र समाचारमूलक सामग्री** शव्द थप गर्ने ।<br>सोही खण्डामा ... अनलाइन पत्रकारिता पछि **प्रसारण पत्रकारिता, न्यूज एजेन्सि** शव्द थप गर्ने | समाचारको विषयवस्तु छुटेकाले ।<br><br>प्रसारण र न्यूज एजेन्सि छुटेकाले । |
| ५. | दफा २ को खण्ड (ङ) मा "**आम सञ्चार माध्यम"** भन्नाले सूचना तथा सन्देशको सम्प्रेषण गर्ने उद्देश्यले स्थापना भई त्यस्तो सूचना वा सन्देश उत्पादन, प्रकाशन तथा प्रसारण गर्ने सरकारी, | दफा २ को खण्ड (ङ) मा "**सरकारी"** भन्ने शब्द पछि **"सार्वजनिक "** भन्ने शब्द थप गर्ने । | सार्वजनिक प्रसारण सेवा संचालनमा रहको, अन्य क्षेत्र पनि सार्वजनिक रुपमा प्रकाशन वा प्रसारण हुनसक्ने सम्भावना रहेको तर विद्येयेकले यस क्षेत्रलाई नसमेटेको हुँदा । |

| | | | |
|---|---|---|---|
| | सामुदायितक वा निजी क्षेत्रबाट सञ्चालित विद्युतीय वा मुद्रणका सञ्चार माध्यम सम्झनु पर्छ । | | |
| ६. | दफा २ को खण्ड (छ) **“छापा पत्रकारिता”** भन्नाले समाचारपत्र वा अन्य पत्रपत्रिकामा प्रकाशन हुने समाचार, समाचार विश्लेषण, लेख अन्तरवार्ता जस्ता सामाग्री संकलन, सम्पादन, प्रकाशन, सम्प्रेषण गर्ने कार्य सम्झनु पर्छ । | दफा २ को खण्ड (छ) मा रहेको **“प्रकाशन”** भन्ने शब्द पछि **“वितरण”** भन्ने शब्द थप गर्ने । | पत्रपत्रिकाको वितरण भन्ने नसमेटिदा प्रकाशन भन्ने कुरा अपुरो हुने भएकोले । |
| ७. | दफा २ खण्ड (झ)<br>परिवारका सदस्य भन्नले पति, पत्नि, बाबु, आमा, छोरा, छोरी, दाजु, भाई, दिदी, बहिनी, नाती, नातिनी, बाजे, ठूलोबुबा, काका, फूपु, मामा, ससुरा, जेठान, साला, साली र त्यस्ता नाकाका व्यक्तिको पति, वा पत्नि तथा निजका छोराछोरी सम्झनुपर्छ । | दफा २ खण्ड **(झ)** हटाउने | असान्दर्भिक भएकाले |
| ८. | दफा २ खण्ड (ञ)<br>पत्रकार भन्नाले आम सञ्चार माद्यममा व्यवस्थापकीय तथा प्रशाशकीय | **पारिश्रमिक लिइ** भन्ने शब्दि पछिको **वा नलिइ** भन्ने शब्द हटाउने । | श्रमजीवी पत्रकार ऐन विपरित हुने भएकाले |

| | | | |
|---|---|---|---|
| | अधिकारप्राप्त गरेका व्यक्ति वाहेक सञ्चार सम्बन्धि व्यवसाय वा सेवालाई प्रमुख व्यवसाय बनाइ पारिश्रमिक लिइ वा नलिइ पूर्ण वा आंशिक समय काम गर्ने प्रधान सम्पादक, सम्पादक, सम्वादाता, स्टिन्जर, समाचार वाचक, कार्यक्रम निर्देशक, अनुवादक, साजसज्जा प्राविधिक, स्तम्भ लेखक, फोटो पत्रकार, प्रेस, क्यामेरा पर्सन, व्यंग्य चित्रकार कार्यक्रम निर्माता वा सञ्चालक तस्विर, दृष्य वा भाषा सम्पादक जस्ता पत्रकारिता पेशासँग सम्वन्धित व्यक्ति सम्झनुपर्छ र सो शब्दले आम सञ्चार माद्यममा आवद्ध नभइ अनलाईन पत्रकारिता सम्वन्धि कार्य गर्ने पत्रकार वा अन्य स्वतन्त्र पत्रकारलाई समेत जनाउँछ । | | कुनै संस्थामा आवद्ध नभइ पत्रकार नहुने भएकाले । |
| ९. | दफा २ खण्ड (ठ) | नेपाल सरकारको पछि **सञ्चार तथा सूचना प्रविधि** भन्ने शब्द पछि **वा सूचना तथा सञ्चार हेर्ने विभागीय** शव्द थप गर्ने | मन्त्रालयको नाम परिवर्तन हुनसक्ने सम्भावना भएकाले । |

| | | | |
|---|---|---|---|
| | मन्त्रालय भन्नाले नेपाल सरकारको सञ्चार तथा सूचना प्रविधी मन्त्रालय सम्झनुपर्छ । | | |
| १०. | दफा ३ उपदफा १<br>स्वतन्त्र, स्वच्छ, मर्यादित र जवाफदेही पत्रकारिताको विकासका लागि स्वयत्त, नियामक निकायको रुपमा मिडिया काउन्सिलको स्थापना गरेको छ । | **स्वतन्त्र, स्वच्छ, मर्यादित र जवाफदेही** भन्ने शब्दको सट्टामा **सत्य, तथ्य, सन्तुलित र विश्वसनीय** भन्ने शब्द राख्ने ।<br><br>**विकासका लागि** भन्ने शब्द पछि **स्वतन्त्र** शब्द थप्ने । | पत्रकारिताको आधारभूत सिद्धान्त भएकाले |
| ११. | दफा २ को खण्ड (ढ) सञ्चार संस्था भन्नाले आम सञ्चार माध्यम सञ्चालन गर्न प्रचलित कानुन बमोजिम स्थापन वा दर्ता भएको संचार संस्था वा प्रतिष्ठान सम्झनु पर्छ र सो शब्दले कुनै व्यक्ति समुह वा संस्था विच एक अर्कासँग अन्तक्रियात्मक संचार र विषय वस्तु प्रसार गर्ने उद्देश्यले स्थापित अनलाइन सञ्चार संस्था तथा सामाजिक सञ्जाललाई समेत जनाउछ । | दफा २ को खण्ड (ढ) मा ...प्रतिष्ठान सम्झनु पर्छ भन्ने शव्दपछि **यस्तो सञ्चार संस्थाको कार्यालय, प्रकाशक, सञ्चालक र प्रधान सम्पादक, सम्पादक हुनुपर्नेछ** भन्ने शव्द थप गर्ने ।<br>...स्थापित अनलाइन सञ्चार संस्था तथा पछि **समाचार सामग्री उत्पादन गर्ने संस्थाले सञ्चालन गर्ने** सामाजिक सञ्जाल भन्ने शव्द थप गर्ने । | सबै सामाजिक सञ्जाल मिडिया काउन्सिल वा प्रेस काउन्सिलले अनुगमन गर्न नसक्ने भएकाले । |
| १२. | दफा ३<br>काउन्सिलको स्थापना : | | |

| | | | |
|---|---|---|---|
| | (१) स्वतन्त्र, स्वच्छ, मर्यादित र जवाफदेही पत्रकारिताको विकासका लागि स्वायत्त नियामक निकायको रुपमा मिडिया काउन्सिलको स्थापना गरिएको छ ।<br>**(२) (राष्ट्रिय सभाबाट पारित : परिषद्लाई अंग्रेजीमा मिडिया काउन्सिल नेपाल भनिनेछ ।** )<br>(३) काउन्सिलको कार्यालय काठमाडौं उपत्यकामा रहनेछ । | दफा ३ काउ उपदफा १ मा **स्वतन्त्र, स्वच्छ, मार्यदित र जिम्मेवार** भन्ने शब्दको सट्टा **सत्य, तथ्य, सन्तुलित र विश्वसनीय** भन्ने शब्द राख्ने ।<br>**राष्ट्रिय** सभाबाट पारित **उप दफा २ हटाउने ।**<br>**दफा ३** को उपदफा ३ मा उपत्यकामा रहनेछ भन्ने शब्द पछि **काउन्सिलले आवश्यकता अनुसार प्रदेशमा कार्यालय खोल्न सक्नेछ ।** भन्ने वाक्य थप गर्ने । | १. प्रस्तावनासँग मिलाउनुपर्ने भएकाले<br>२. नाम मिडिया काउन्सिल नेपाल रहने भएकाले ।<br>३. प्रादेशिक संरचना कार्यान्वयनमा भएकाले । |
| १३. | दफा ५<br>काउन्सिलको काम, कर्तव्य र अधिकार : यस ऐनमा अन्यत्र उल्लेखित काम, कर्तव्य र अधिकारका अतिरिक्त काउन्सिलको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ । | दफा ५ मा खण्ड **क, ख र ग** थप गरी उपक्रम मिलाउने<br>(क) पत्रकारिताको व्यवसायीक हकहितको संरक्षण र संवर्द्धन गर्ने,<br>(ख) सञ्चार गृहको अनुगमन गरी प्रतिवेदन बुझाउने<br>(ग) सञ्चारगृहले स्वःअनुगमन गरी पठाएको प्रतिवेदन बुझ्ने | प्रस्तावना अनुसार कार्यक्षेत्र व्यापक बनाउनुपर्ने भएकाले |
| १४. | दफा ५ खण्ड ग<br>पत्रकारको अभिलेख राख्ने तथा प्रेस प्रतिनिधि परिचयपत्र प्रदान गर्ने | दफा ५ को खण्ड ग हटाउने | पत्रकार परिचयपत्र दिने संस्था काउन्सिल नभएकाले अन्य कानुनमा यो व्यवस्था राख्नुपर्ने |

| | | | |
|---|---|---|---|
| | दफा ५ खण्ड (ङ) सञ्चार संस्थाको अध्यक्ष वा सञ्चालकलाई सम्बन्धित सञ्चार संस्थाको प्रतिनिधिको रुपमा तोकिए बमोजिम परिचयपत्र जारी गर्ने, | दफा ५ को खण्ड ङ हटाउने | परिचयपत्र जारी गर्ने व्यवस्था अन्य निकायमा राख्नुपर्ने भएकोले । |
| १५. | दफा ६,<br>६. **काउन्सिलको गठनः** (१) काउन्सिलको गठन देहाय बमोजिम हुनेछः-<br>(क) नेपाल सरकारले नियुक्त गरेको व्यक्ति- अध्यक्ष<br>(ख) मन्त्रालयले तोकेको राजपत्रांकित प्रथम श्रेणीको अधिकृत। सदस्य<br>(ग) नेपाल पत्रकार महासंघको अध्यक्ष सदस्य<br>(घ) छापा पत्रकारिता, अनलाइन पत्रकारिता, रेडियो, टेलिभिजनका प्रकाशक, सम्पादक, श्रमजीवी पत्रकाहरुको समेत प्रतिनिधित्व हुनेगरी प्रत्येक प्रदेशबाट एक जनाको दरले कम्तिमा ३ जना महिला रहने गरी सात जना सदस्य | दफा ६ को उपदफा (१) को खण्ड (क) पछि निम्न बमोजिमको खण्ड (ग) र (घ) थप गरी **राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितीले कायम गरे बमोजिमको** उपक्रम मिलाउने । त्यसपछि निम्न बमोजिम खण्ड **ग र घ** थप गरी उपक्रम मिलाउने ।<br>**“(ग) संघिय संसदको प्रतिनिधी सभाको सभामुखले तोकेको प्रतिनिधी सभाको एक जना सदस्य-सदस्य ।**<br>**(घ) राष्ट्रिय सभाको अध्यक्षले तोकेको राष्ट्रिय सभाको एक जना सदस्य-सदस्य । ”**<br>**तर राष्ट्रिय सभा तथा प्रतिनिधी सभाबाट नियुक्ति हुने सदस्य मध्ये एक जना अनिवार्य महिला हुनु पर्नेछ ।**<br><br>**स्पष्टिकरण : समावेशी समूहबाट कम्तिमा एक जना सदस्य नियुक्ति हुनुपर्ने ।** | १. काउन्सिलाई अझ वढी प्रभावकारी बनाउनु पर्ने भएकोले,<br><br>२. समावेशी सिद्धान्त उल्लेख गरे पनि व्यवहारमा पुर्ण रुपमा कार्यान्वयन नहुने गरेकोले समावेशी सिद्धान्तलाई पुर्ण रुपमा कार्यान्वनय गर्ने गरी व्यवस्था गर्नु पर्ने । |

| | | | |
|---|---|---|---|
| १६. | दफा ६ को उपदफा २<br>उपदफा (१) बमोजिम काउन्सिलको अध्यक्ष र खण्ड घ र ड. बमोजिमका सदस्य नियुक्तिको लागि मन्त्रालय समक्ष सिफारिस गर्न मन्त्रालयका सचिवको संयोजकत्वमा नेपाल सरकारले तोकेको विज्ञ सदस्य एकजना र सञ्चार तथा सूचना प्रविधी मन्त्रालयका सह सचिव रहने गरि तीन सदस्यीय सिफारिस समिति रहनेछ । | दफा ६ को उपदफा (२) को सट्टामा निम्न बमोजिमको उपदफा (२) थप गर्ने:<br>**"(२) उपदफा (१) को खण्ड (क), (घ) र (ङ)** बमोजिमका अध्यक्ष तथा सदस्य नियुक्तिको लागि नेपाल सरकार समक्ष सिफारिस गर्न **संघीय प्रतिनिधी सभाको सभामुखको संयोजकत्वमा सञ्चार तथा सूचना प्रविधि मन्त्री र नेपाल पत्रकार महासंघको अध्यक्ष** रहने गरी तीन सदस्यीय सिफारिस समिति रहनेछ ।<br><br>**वा**<br><br>**राष्ट्रिय सभाको अध्यक्षतामा सञ्चार तथा सूचना प्रविधि मन्त्री र नेपाल पत्रकार महासंघको अध्यक्ष** रहने गरी तीन सदस्यीय सिफारिस समिति रहनेछ । | काउन्सिलमा नियुक्ति हुने अध्यक्ष र सदस्यको गरिमा कायम गर्नु पर्ने भएकोले । |
| १७. | दफा ६ उपदफा (७) काउन्सिलको अध्यक्ष र सदस्यले आफु नियुक्ति भएको तीस दिन भित्र आफु र आफ्ना परिवारका सदस्य संलग्न रहेको पेश र व्यवसायको वारेमा काउन्सिलमा लिखित जानकारी दिनु पर्नेछ । | दफा ६ को उपदफा (७) **आफू संलग्न** भन्ने शब्द राखि **आफ्ना परिवारका सदस्य** भन्ने शब्द हटाउने । | परिवारका सदस्यहरुलाई उल्लेख गर्नु आवश्क नभएकाले । |

| | | | |
|---|---|---|---|
| १८. | दफा ६ को उपदफा (८) सूचना तथा प्रसारण विभागको महानिर्देशकले काउन्सिलको सचिव भई काम गर्नेछ। | दफा ६ को उपदफा (८) को सट्टामा निम्न बमोजिमको उपदफा (८) थप गर्ने :<br>**“(८) काउन्सिलको कर्मचारी प्रमुखको रुपमा खुला प्रतिस्पर्धाको अधारमा एक जना प्रमुख कार्यकारी अधिकृत नियुक्ति गरिने छ। जसले काउन्सिलको सदस्य सचिव भइ काम गर्नेछ।**<br>**(९) काउन्सिलको सचिवको कार्यकाल चार वर्षको हुनेछ।**<br>**(१०) सचिवको नियुक्ति, सेवाका शर्त र सुविधा, काम, कर्तव्य र अधिकार काउन्सिल बोर्डले तोके बमोजिम हुनेछ।”** | काउन्सिल स्वतन्त्र र स्वायत्त नियामक निकाय भएकाले। |
| १९. | दफा ७ योग्यता : देहायको योग्यता पुगेको व्यक्ति काउन्सिलको अध्यक्ष वा सदस्य पदमा नियुक्ति हुन योग्य हुनेछ :<br>(ग) अध्यक्षको हकमा सर्वोच्च अदालको न्यायाधीश हुने योग्यता पुगेको वा मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातक तहको उपाधि हासिल गरेको र पत्रकारिताको क्षेत्रमा कम्तीमा पन्ध्र वर्षको अनुभव सहित सो क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएको, | दफा ७ को खण्ड (ग) मा रहेको “**सर्वोच्च अदालतको न्यायाधीश हुने योग्यता पुगेको”** भन्ने बाक्याशंको सट्टामा “**उच्च अदालतको अवकास प्राप्त मुख्य न्यायाधिस वा न्यायाधिस, बरिष्ठ अधिवक्ता”** भन्ने वाक्याशं थप गर्ने र “**पन्ध्र”** भन्ने शब्दको सट्टामा “**बिस**“ भन्ने शब्द थप गर्ने। | काउन्सिलको गरिमा कायम गर्न। |
| २०. | दफा (७) को खण्ड (घ) सदस्याको हकमा मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक | दफा ७ को खण्ड (घ) मा रहेको “**दश”** भन्ने शब्दको सट्टामा “**पन्ध्र”** भन्ने शब्द थप गर्ने। | अनुभवी, परिपक्व अध्यक्ष र सदस्यको नियुक्ति गर्नु पर्ने भएकोले। |

| | | | |
|---|---|---|---|
| | तहको उपाधि हासिल गरेको र सञ्चार, व्यवस्थापन, कानून, सूचना प्रविधि, साहित्य वा सामाजिक क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव हासिल गरेको, | | |
| २१. | दफा ७ को खण्ड (ङ) अध्यक्षको हकमा चालीस वर्ष र सदस्यको हकमा तीस वर्ष उमेर पूरा भएको, | दफा ७ को खण्ड (ङ) मा रहेको **"चालिस"** को सट्टामा "**पैतालिस"** **र "तीस"** को सट्टा मा "**पैतिस"** थप गर्ने । | |
| २२ | दफा ८. अयोग्यता : देहायको व्यक्ति काउन्सिलको अध्यक्ष वा सदस्यको पदमा नियुक्तिको लागि अयोग्य हुनेछः<br>(ग) पैसठ्ठी बर्ष उमेर पूरा भएको, | दफा ८ को खण्ड (ग) हटाउने | अनुभवी व्यक्तिको आवश्यकता काउन्सिललाई भएकाले । |
| २३. | दफा ९ पदावधिः<br>(१) काउन्सिलको अध्यक्ष र सदस्यको पदावधि चार वर्षको हुनेछ। निजहरु पुनः एक पटकको लागि सोही पदमा नियुक्त हुन सक्नेछन् ।<br>(२) उपदफा (१) मा जनुसुकै कुरा लेखिएको भएता पनि काउन्सिलको अध्यक्ष वा सदस्यलाई कार्य क्षमताको अभाव, खराव आचरण वा पदिय दायित्व पुरा नगरेको कारण पदबाट हटाउनु पर्ने | दफा ९ को उपदफा १ को **निजहरु पुनः एक पटकको लागि नियुक्त हुन सक्नेछन् ।** भन्ने वाक्यको सट्टा **एक पटक काउन्सिलको अध्यक्ष र सदस्य भइसकेका व्यक्ति पुनः सोही पदमा नियुक्त हुन सक्ने छैनन्** । भन्ने वाक्य राख्ने ।<br><br>उपदफा **२ देखी ७** सम्म हटाउने । | १. एक पटक मात्र एउटै पदमा बस्दा उचित हुने भएकाले ।<br><br>२. काउन्सिललाई अस्थिर हुनबाट जोगाउने प्रयोजनको लागि । |

| | | | |
|---|---|---|---|
| | अवस्था भएमा मन्त्रालयले छानविनको लागि उच्च अदालतबाट अवकास प्राप्त न्यायधिसको अध्यक्षतामा अन्य दुई जना विज्ञ समेत रहेको तीन सदस्यीय जाँचवुझ समिति गठन गर्ने छ ।<br>(३) उपदफा (२) बमोजिमको जाँचबुझ समितिले आरोप लागेको अध्यक्ष वा सदस्यलाई सोधपुछ गर्न वा वयान लिन सक्नेछ ।<br>(४) उपदफा (२) बमोजिमको जाँचबुझ समितिले काम शुरु गरेको मितिले एक महिना भित्र जाँचबुझको कार्य सम्पन्न गरी सोको प्रतिवेदन मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।<br>(५) उपदफा (४) बमोजिम जाँचबुझ समितिले अध्यक्ष वा सदस्यलाई पदबाट हटाउन सिफारिस गरेमा मन्त्रालयले सोही बमोजिम त्यस्तो अध्यक्ष वा सदस्यलाई पदबाट हटाउने गरी नेपाल सरकार समक्ष प्रस्ताव पेश गर्नु पर्नेछ । | | |

| | | | |
|---|---|---|---|
| | (६) उपदफा (५) बमोजिमको प्रस्तावका आधारमा नेपाल सरकारले त्यस्तो अध्यक्ष वा सदस्यलाई पदबाट हटाउन सक्नेछ ।<br>(७) उपदफा (६) बमोजिम अध्यक्ष वा सदस्यलाई पदवाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मनासिव मौका दिनु पर्नेछ । | | |
| २४. | दफा १०<br>पद रिक्त हुने अवस्था : देहायको अवस्थामा अध्यक्ष वा दफा ६ को उपदफा को खण्ड घ र ड. बमोजिमका सदस्यको पद रिक्त हुनेछ ।<br>क) नेपाल सरकार समक्ष लिखित राजिनामा दिएमा,<br>(ख) दफा ८ बमोजिम अयोग्य भएमा,<br>(ग) दफा ९ बमोजिम पदावधी पुरा भएमा वा पदबाट हटाइएमा,<br>(घ) मृत्यू भएमा । | दफा १० को खण्ड (ग) मा रहेको **वा पदबाट हटाइएमा भन्ने वाक्यशं** हटाउने । | दफा ९ को प्रावधानसँग मिलान गर्नको लागि । |
| २५. | दफा १४ काउन्सिलको बैठक : | दफा १४ को उपदफा (१) मा ...काउन्सिलको बैठक कम्तिमा "**तीन"** को सट्टामा **"दुई" बनाउने ।** | |

| | | | |
|---|---|---|---|
| | (१) काउन्सिलको बैठक कम्तिमा तीन महिनाको एक पटक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ। | | |
| २६ | दफा १५ कार्यवाहक अध्यक्ष तोक्ने: (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि प्रचलित कानु बमोजिम भ्रष्टाचारको मुद्दा दर्ता भएको वा कुनै फौजदारी कसुरमा पकाउ परी थुनामा रहेको कारण अध्यक्ष निलम्वनमा रहेमा त्यस्तो निलम्बनमा रहेको अवधीभर अध्यक्षका रुपमा कामकाज गर्नका लागि मन्त्रालयले दफा ६ को उपदफा १ को खण्ड (घ) वा (ङ.) बमोजिमका सदस्यहरुमध्येबाट कार्यवाहक अध्यक्ष तोक्न सक्नेछ। | दफा १५ को उपदफा १ मा ...(घ र ङ.) पछि **पदेन वाहेक** भन्ने शब्द थप गर्ने।<br>सोही उप दफामा **सदस्यहरुबाट** भन्ने शब्दपछि **जेष्ठ सदस्य** थप गर्ने।<br>...कामकाज गर्नका लागि **मन्त्रालयले** भन्ने शब्दको सट्टा **काउन्सिल बोर्डले** भन्ने शब्द राख्ने। | काउन्सिललाई स्वायत्त संस्था बनाउन। |
| २७. | दफा १६ आचार संहिता जारी गर्ने :<br>(१) काउन्सिलले पत्रकारिताको पेशागत मर्यादा कायम राख्न पत्रकार महासंघको परामर्शमा (राष्ट्रिय सभाबाट पारित | दफा १६ को उपदफा (१) मा .... **"कायम राख्न"** भन्ने शब्द पछि **"पत्रकार महासंघको सहमती र सहकार्यमा"** भन्ने शब्द थप गर्ने। | आचार संहिता पालना गर्ने पत्रकार र सञ्चार गृह हुने भएकाले त्यसमा पत्रकार महासंघ सरोकारवाला संस्था भएकोले पत्रकारको अपनत्व गराउन। |

| | | | |
|---|---|---|---|
| | पश्चात) आचार संहिता बनाइ जारी गर्नेछ । | | |
| २८. | दफा १८. जानकारी गराउनुपर्नेः (१) सञ्चार संस्थाको अध्यक्ष र सञ्चालकले आफ्नो लगानी भएको व्यवसाय, लगानीको क्षेत्र र स्रोतको बारेमा काउन्सिललाई तोकिए बमोजिम जानकारी गराउनुपर्नेछ । | दफा १८ पुरै हटाउने | काउन्सिल सबै लगानी स्रोत हेर्ने निकाय नभएकाले अन्य ऐनमा व्यवस्था भए बमोजिम हुने ।<br><br>अन्य प्रावधानसंगै मिलाउनुपर्ने भएकोले । |
| २० | दफा २० उजुरी उपर जाँचबुझ र कारवाही:<br>(४) (घ) पत्रकार प्रसप्रतिनिधी परिचयपत्र एक वर्षसम्मका लागि निलम्बन गर्ने । | दफा २० को (४) (३) घ हटाउने | ीमिलान गर्नपर्ने भएकाले |
| ३० | दफा २७. प्रेस प्रतिनिधिः<br>(१) सञ्चार संसथामा कार्यरत पत्रकारले काउन्सिलबाट प्रेस प्रतिनिधिको परिचयपत्र लिनुपर्नेछ ।<br>(२) उपदफा १ बमोजिम प्रेस प्रतिनिधि परिचय पत्र लिन चाहने नेपाली | दफा २७ हटाउने | प्रेस प्रतिनिधि परिचयपत्र मिडिया काउन्सिल भन्दा आम सञ्चार प्राधिकरणबाट दिनुपर्ने भएकाले |

| | | | |
|---|---|---|---|
| | नागरिकले आफू कार्यरत सञ्चालन संस्थाको सिफारिस सहित तोकिए बमोजिमको योग्यताको प्रमाणपत्रको प्रतिलिपि संलग्न राखि तोकिएको ढाँचामा निवेदन दिनुपर्नेछ ।<br>(३) स्वतन्त्र पत्रकारले काउन्सिलबाट प्रस प्रतिनिधिको परिचयपत्र लिन चाहेमा तोकिए बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ ।<br>(४) उपदफा २ वा ३ बमोजिमको निवेदन प्राप्त भएपछि त्यस्तो निवेदन उपर आवश्यक जाँचबुझ गरी काउन्सिलले तोकिएको दस्तुर लिई तोकिएको ढाँचामा प्रेस प्रतनिधि परिचयपत्र दिन सक्नेछ ।<br>(५) प्रेस प्रतिनिधि तथा स्वतन्त्र पत्रकार सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ । | | |
| ३१. | दफा ३३. बार्षिक प्रतिवेदन :<br>(१) काउन्सिलले प्रत्येक बर्ष आफूले सम्पादन गरेका कामकारबाही, कोषको अवस्था समेतको विवरण समावेश गरी | दफा ३३ को उपदफा १ मा .... मन्त्रालय मार्फत **नेपाल सरकार** समक्ष भन्ने शब्दको सट्टा मन्त्रालय मार्फत **राष्ट्रपति समक्ष** भन्ने शब्द राख्ने । | काउन्सिल नियामक निकाय भएकाले । |

| | | | |
|---|---|---|---|
| | आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र आफ्नो वार्षिक प्रतिवेदन मन्त्रालयमार्फत नेपाल सरकार समक्ष पेश गर्नुपर्नेछ । | | |
| ३२. | दफा ३५. नियम बनाउने अधिकारः यस ऐनको कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ । | दफा ३५ मा ....कार्यान्वयन गर्न पछि **काउन्सिलको सिफारिसमा** भन्ने शब्द थप गर्ने । | स्वतन्त्र र स्वायत्त नियामक निकाय भएकाले । |
| ३३. | दफा ३७. खारेजी र वचाउ :<br>(४) प्रेस काउन्सिल ऐन २०४८ बमोजिमको काउन्सिलमा कार्यरत स्थायी कर्मचारी यस ऐन बमोजिम काउन्सिलको समान स्तर र तहको पदमा स्वत कायम हुनेछन् । | दफा ३७ को उपदफा ४ मा **...रहनेछन् ।** भन्ने वाक्यपछि **करारका कर्मचारीको हकमा काउन्सिल बोर्डले आवश्यक निर्णय लिन सक्नेछ** । भन्ने वाक्य थप गर्ने । | हाल करार सेवामा कर्मचारीहरु कार्यरत रहेकाले त्यसलाई व्यवस्थापन गर्न । |
| ३४. | थप गर्नु पर्ने विषय | वर्तमान प्रेस काउन्सिल ऐन, २०४८ मा भएको पत्रपत्रिकाको वर्गिकरणको व्यवस्था अर्को निकाय र ऐनले नतोकेसम्म काउन्सिल अर्न्तगत हुने व्यवस्था कायम गर्ने । | अहिले भइरहेको पत्रपत्रिका वर्गिकरणको बैकल्पिक व्यवस्था गर्नको लागि । |